# विश्वविद्यालय अनुदान आयोग
## शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्
सानोठिमी, भक्तपूर, नेपाल ।

**गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रक्रियामा नयाँ मापदण्ड तथा मानकहरु लागू हुने सम्बन्धी**

**अत्यन्त जरुरी सूचना**

२०८० भाद्र १७ गते

सन् २००७ देखि विश्वविद्यालय अनुदान आयोग, शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद् मातहत कार्यान्वयनमा रहेको गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रणाली अन्तर्गत हाल अभ्यासमा रहेका मापदण्ड तथा सूचकहरुमा समसामयिक परिमार्जन भएकोले सोको कार्यान्वयन पहिलो चरणमा दोश्रो वा तत् पश्चात् चक्रको लागि प्रत्यायन प्रक्रियामा सहभागि उच्च शैक्षिक संस्थाबाट गर्ने भन्ने निर्णय भएकाले तपसील बमोजिम प्रत्यायन प्रक्रियामा सहभागि हुन सम्वन्धित सम्पूर्ण उच्च शैक्षिक संस्थाहरुको नाममको यो सूचना जारी गरिएको छ ।

**तपसील**

१. दोश्रो वा तत् पश्चात् चक्रको लागि प्रत्यायन प्रक्रियामा सहभागिताका लागि आशयपत्र स्वीकृत भइसकेको उच्च शैक्षिक संस्थाहरुले २०८० कार्तिक ३० गतेभित्र पुरानै मापदण्ड तथा सूचकहरुको आधारमा नियमानुसार स्वअध्ययन प्रतिवेदन पेश गर्न सक्ने । दिइएको अवधिभित्र पेश गर्न असमर्थ उच्च शैक्षिक संस्थाहरुले नयाँ मापदण्ड तथा सूचकहरुको आधारमा स्वअध्ययन प्रतिवेदन पेश गर्नुपर्ने ।

२. दोश्रो वा तत् पश्चात् चक्रको लागि प्रत्यायन प्रक्रियामा सहभागिताका लागि २०८० श्रावण ३२ पश्चात् आशयपत्र स्वीकृत हुने उच्च शैक्षिक संस्थाहरुले स्वतः नयाँ मापदण्ड तथा सूचकहरुको आधारमा स्वअध्ययन प्रतिवेदन पेश गर्नुपर्ने । हाल शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सचिवालयमा आशयपत्र पेश गरेका तर नियमानुसार नभएकाले स्वीकृत हुन नसकेका संस्थाहरुको हकमा समेत २०८० श्रावण ३२ पश्चात् आशयपत्र स्वीकृत भएको हकमा नयाँ मापदण्ड तथा सूचकहरु लागू हुने ।

३. प्रत्यायनको पहिलो चक्रका लागि आवेदन गरेका उच्च शैक्षिक संस्थाहरुका लागि अर्को सूचना जारी नभएसम्म पुरानै मापदण्ड तथा सूचकहरु लागू हुने ।

यस सम्वन्धमा थप जानकारी हाँसिल गर्नुपरेमा शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सचिवालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

**शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषदको सचिवालय**
विश्वविद्यालय अनुदान आयोग
सानोठिमी, भक्तपुर, नेपाल
इमेल : qaad@ugcnepal.edu.np, पोस्ट बक्स नम्बर: १०७९६ (काठमाडौं, नेपाल)
फोन : ०१-६६३८५४८/४९/५०/५१, फ्याक्स : ०१-६६३८५५२